म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ७७ २०८१ माघ २१ गते सोमबार 3 February 2025, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## राजकुमार गाँजासहित पक्राउ

हेटौंडा : हेटौंडा-२, चौकीटोलबाट १४ किलो ९१० ग्राम लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले कैलाश गाउँपालिका-९, नामटारका राजकुमार मोक्तानलाई पक्राउ गरेको छ ।

शनिबार बिहान ७ बजेको समयमा त्रिभुवन राजपथअन्तर्गत हेटौंडा-२, चौकीटोलमा सवारी साधन रोकेर सुरक्षाजाँच गर्ने क्रममा भैंसेबाट हेटौंडातर्फ आउँदै गरेको ना २८ प १२११ नम्बरको स्कुटरमा सवार मोक्तानलाई लागूऔषध गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद थप अनुमती लिई मोक्तानलाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

# डम्पिङ साइट संघर्ष समितिद्वारा ध्यानाकर्षण



समाज संवाददाता

हेटौंडाः डम्पिङ साइटको दीर्घकालीन समस्या समाधानका लागि गठित संघर्ष समितिले ध्यानाकर्षणपत्र बुझाएको छ । आइतबार संघर्ष समितिले मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल र हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामालाई ३५ दिने अल्टिमेटमसहित ध्यानार्कषणपत्र बुझाएको हो ।

प्रमुख जिल्ला अधिकारी चिलुवालले पालिकासँग छलफल गरेर समस्या समाधानका लागि सक्दो छिटो कदम चाल्ने बताउनुभयो । नगरप्रमुख लामाले सो विषय साझा समस्या भएको बताउनु भयो । कार्यपालिकामा उक्त विषय राख्ने र समाधानको अपाय अपनाउने उहाँले जानकारी दिनुभयो ।

संघर्ष समितिले डिभिजन वन कार्यालय मकवानपुर र वडाहरुलाई पनि ध्यानाकर्षणपत्र बुझाएको छ । डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेशप्रसाद चन्द्रवंशीले उक्त गतिविधिले मानव अधिकार नै हनन भएको बताउनुभयो । समस्या समाधानका लागि डिभिजनको सक्दो सहयोग हुने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

हेटौंडा उपमहानगरपालिकाको फोहोर व्यवस्थापन हुँदै आएको राप्ती खोला किनारको डम्पिङ साइटमा देखिएको समस्याको दीर्घकालीन समाधान गर्न भूटनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सोमबहादुर लामाको संयोजकत्वमा संघर्ष समिति गठन भएको हो । संघर्ष समितिले डम्पिङ साइटमा देखिने गरेका समस्याको दीर्घकालीन समाधान नभए संघर्षका कार्यक्रम सार्वजनिक गर्ने बताएको छ ।

केही दिनअघि डम्पिङ साइटमा थुपारिएको फोहोरमा आगलागी हुँदा वायु प्रदूषण भएको थियो । लगातार ४ दिनसम्म प्लाष्टिकजन्य फोहोरमा आगो बलिरहँदा हेटौंडाको वडा नम्बर १, ९, १० र ११ नम्बर वडाका विभिन्न बस्तीमा असर पुगेको थियो ।

## अटो र स्कुटर ठोकिँदा २ जना घाइते

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, सानोपोखरामा अटो र स्कुटर एक आपसमा ठोकिँदा २ जना घाइते भएका छन् । शनिबार बिहान ७ बजेर ३० मिनेटको समयमा राधाकृष्ण मन्दिरनजिक कान्तिलोकपथ सडकखण्डमा हेटौंडाबाट पिप्लेतर्फ जाँदै गरेको ना २ ह १०७३ नम्बरको अटो र भित्री बाटोबाट कान्तिलोकपथ निस्कँदै गरेको बा ५१ प ४७९७ नम्बरको स्कुटर एक आपसमा ठोकिँदा स्कुटरमा सवार २ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा स्कुटर चालक ६२ वर्षीय प्रदीप राजवाहक र पछाडि सवार ५५ वर्षीया राधादेवी श्रेष्ठ घाइते भएका छन् । घाइते दुबैको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । अटो चालक हेटौंडा-५, पिप्लेका ५८ वर्षीय शंकरबहादुर तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।




## लागूऔषध कारोबारी सोमनाथ पक्राउ

समाज संवाददाता



हेटौंडा : हेटौंडा-११, थानाभन्याङ घर भई हेटौंडा-२, चौकीटोल डेरा गरी लागूऔषध कारोबार गर्ने ३५ वर्षीय सोमनाथ फुयाललाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरीले सोमनाथमाथि निगरानी बढाएको थियो । प्रहरीले शनिबार दिउँसो ३ बजेर १५ मिनेटको समयमा सोमनाथको डेरामा छापा मारेर प्रहरीले ६४ बोतल लागूऔषध ओनरेक्स बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरीले निगरानी बढाएर सोमनाथलाई पक्राउ गरेको जानकारी दिनुहुँदै मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले भन्नुभयो, 'पक्राउ गरेपछि प्रारम्भिक सोधपुछमा सोमनाथले आफू लागूऔषध प्रयोगकर्ता भएको र लागूऔषधको कारोबार समेत गर्ने गरेको बताएको छ ।' मकवानपुर जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमती लिई सोमनाथलाई हिरासतमा राखेर प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

पछिल्लो समय हेटौंडामा लागूऔषध ओनरेक्सको प्रयोग व्यापक बनेको छ । मुख्यबजारदेखि आवासीय क्षेत्रका सडक छेउमा ओनरेक्सको खाली बोतल भेटिने गरेको छ । छिमेकी मुलुक भारतसँगको रक्सौल सिमाबाट लागूऔषध प्रयोगकर्ता र कारोबारीले लागूऔषधको ल्याएर प्रयोग गर्नुका साथै कारोबार समेत गर्ने गरेका छन् । प्रहरीले यस विषयलाई प्राथमिकताका साथ अनुसन्धान गरिरहेको प्रहरी प्रवक्ता अर्यालको भनाइ छ ।






समृद्धि प्रकाशन प्रा. लि
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# अक्षरारम्भको अवसर

आज माघ शुक्ल पञ्चमी अर्थात् सरस्वती पूजा हो । यस दिनलाई श्रीपञ्चमी तथा बसन्त पञ्चमीसमेत भन्ने गरिएको छ । सरस्वतीलाई विद्याकी देवी मान्ने गरिएकाले आजको दिन सरस्वतीको पूजा गरेर पढाइ सुरु गरे ज्ञान र पढाइ राम्रो हुने जनविश्वास छ । बालबालिकाको जीवनको पहिलो अक्षर लेख्ने दिन भएकाले सरस्वती पूजाको दिनलाई अक्षरारम्भको रुपमा समेत मनाउने प्रचलन बढ्दै गएको छ । सरस्वतीलाई विद्या र वाणीकी देवी मानेर आजको दिन विशेष पूजा आराधना गरिन्छ । यस दिन विद्यार्थीहरु बिहान सबैरै स्नान गरी सरस्वती मातासँगै कापी, कलम, किताबको समेत पूजा गर्ने गर्दछन् । सरस्वती पूजाको अवसरमा सबै शिक्षण संस्थामा सामूहिक रुपमा पूजा गर्ने र प्रसाद वितरण गर्ने गरिन्छ । तराई मधेशमा स्कूल, कलेजमात्र नभई चोक-चोकमा सामूहिक सरस्वती पूजा गर्ने, प्रसाद खाने, नाचगान गर्ने र रमाउने गरिन्छ ।

सरस्वतीलाई विद्यासँगै ज्ञान, संगीत, कला र साहित्यकी पनि देवी मानिन्छ । विद्यार्थीले सरस्वतीको पूजा गरेमा पढाइमा सफलता मिल्ने धार्मिक विश्वास छ । लेखक, कवि, पत्रकार, कलाकारहरुले पनि आ-आफ्ना काम गर्ने साधनसहित सरस्वतीको पूजा गर्ने परम्परा रहेको छ । ज्ञानको दिव्यज्योति प्रज्वलित गराई संसारको सागरबाट पार लगाउने आद्यशक्ति सरस्वतीमा रहेको विश्वास गरिन्छ । ज्ञानका साधकहरु सरस्वतीका उपासक मानिन्छ । त्यसैले कलाकी प्रतिमूर्ति र ज्ञानकी खानीको रुपमा सरस्वतीलाई मान्ने गरिएको छ । सरस्वतीको कृपा भएमा मानिसले आफ्नो ज्ञानको आँखा खोल्न सक्ने मान्यता रहेको छ । सरस्वती पूजाकै दिन विद्यालय नगाएका बालबालिकालाई अक्षरारम्भ (पढाउन प्रारम्भ) गरिन्छ । वैदिक पद्धतिअनुसार गरिने १६ संस्कारमध्येको एक संस्कारको रुपमा अक्षरारम्भलाई मानिएको छ । माघे संक्रान्तिबाट सूर्य उत्तरी गोलार्द्धतर्फ सर्दछ । सूर्यको गति उत्तरतर्फ लागेपछि देवताहरुका दिन सुरु भएको मानिन्छ । देवदिनमा अक्षर लेख्न सुरु गरे आध्यात्मिक, भौतिक र सामाजिक सबै प्रकारको ज्ञान प्राप्त हुने विश्वास रहेको छ । यसदिन केटाकेटीको नाक-कान छेडिदिने प्रचलन पनि रहेको छ ।

ज्ञान वा विद्यासँग सम्बन्धित विभिन्न कार्य आरम्भ गर्न श्रीपञ्चमीको दिन उत्तम हुने ज्योतिषशास्त्रमा वर्णन भएको पाइन्छ । सरस्वतीको महिमा वेद, उपनिषद्, पुराण, देवीभागवत आदि ग्रन्थमा उल्लेख गरिएको छ । वैदिक ग्रन्थहरुमा जसले विद्याको साधना गर्छ, उसैका मुखमा सरस्वतीको बास हुन्छ भनिएको छ । विद्याको साधना गर्नु भनेको परिश्रम र मिहिनेत साथ अध्ययन गर्नु हो । त्यसैले सरस्वतीको पूजा आराधना गर्न भनेको विद्याको अध्ययन, चिन्तन, मनन र अभ्यास गर्नु हो । भगवतीको मन्दिरमा गई पूजा गर्नु भनेको अध्ययनतर्फ रुचि जगाउन मनलाई प्रेरित गर्नु हो अर्थात् मन पवित्र पार्नु हो । जबसम्म हाम्रो मन पवित्र हुँदैन, तबसम्म हामी केही पनि गर्न सक्दैनौं । श्रीपञ्चमीका दिन शुभकार्य गर्ने, अक्षरारम्भ गर्ने, सरस्वतीको विशेष पूजा आराधना गर्ने, ज्ञानका साधकले आफ्ना साधन पूजा गर्ने भनेको मनलाई शुद्ध बनाउने प्रयास हो । शुद्ध मनले गरेको चिन्तन सार्थक हुने भएकाले सरस्वती पूजालाई मन शुद्ध बनाउने अवसरको रुपमा लिन सकिन्छ ।

श्रीपञ्चमी अर्थात् सरस्वती पूजा बालबालिकालाई अक्षरारम्भ वा विद्यारम्भ गर्ने दिनको रुपमा पनि परिचित छ । पहिले सरस्वतीको मन्दिरमा गएर वा सरस्वतीको मूर्ति, फोटो अगाडि बसेर अक्षरारम्भ गराइन्थ्यो । पछिल्ला वर्षहरुमा विभिन्न मन्टेश्वरी, संस्थागत तथा सामुदायिक विद्यालयहरुले विद्यालय नगएका बालबालिकालाई भेला गराएर अक्षरारम्भ गराउने क्रम बढ्दै गएको छ । नयाँ विद्यार्थी आकर्षित गर्ने अवसरको रुपमा अक्षरारम्भ गराएर निःशुल्क भर्ना तथा अन्य सुविधासमेत घोषणा गर्ने परम्पराले प्राथमिकता पाइरहेको छ । लेखपढ सुरु गर्ने उमेर भएका बालबालिकालाई विद्यालय र सिकाइको धारणा विकास गराउन अक्षरारम्भ सकारात्मक बन्नसक्छ । तर, भरखर तोते बोली बोल्न थालेका बालबालिकाको मनोविज्ञानमा यसले पार्नसक्ने मानसिक र भावनात्मक असरको बारेमा चाहिँ बहस हुनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : प्रतिष्ठित कामद्वारा समाजमा स्थापित भइने छ । |
| **वृष** | : जग्गा जमिनका कामबाट लाभ प्राप्त हुनेछ । |
| **मिथुन** | : वृद्धवृद्धाको सेवाका काममा समय व्यतित होला । |
| **कर्कट** | : धार्मिक र सामाजिक यात्रा योगमा सरिक । |
| **सिंह** | : मातृपक्षको झुकाबमा गरिएका कामहरु सफल होलान् । |
| **कन्या** | : धार्मिक कामबाट विशेष लाभ प्राप्त होला । |
| **तुला** | : परीक्षा र प्रतियोगितामा विजय प्राप्त हुनेछ । |
| **वृश्चिक** | : आर्थिक गतिविधिले पिरोल्ने समय योग छ । |
| **धनु** | : दीर्घकालिन योजनाका काममा समय बित्ला । |
| **मकर** | : सम्पर्क र सम्बन्धको दायरा बढाउँदा राम्रो रहने छ । |
| **कुम्भ** | : शरीरमा उत्साह उमङ्ग प्राप्त हुने योग छ । |
| **मीन** | : वैदेशिक योगबाट त्यति लाभ प्राप्त नहोला । |

# पठन संस्कृति किन आवश्यक छ ?

**मठ-मन्दिरका निम्ति धेरैभन्दा धेरै खर्च गर्ने राज्यले पुस्तकालय स्थापनाका निम्ति खर्च गरे उपयुक्त हुन्थ्यो । सार्वजनिक संस्थाहरुले पनि पठन संस्कृतिको विकासमा गहन भूमिका सम्पादन गर्न सक्छन् र गर्नुपर्छ ।**



डा. अमर गिरी

पढ्ने संस्कृतिलाई पठन संस्कृति भनिन्छ । पठन संस्कृतिका निम्ति पठन जीवनको अनिवार्य अङ्ग बन्नुपर्छ । पठन संस्कृतिभित्र पठनलाई मलजल गर्ने र उकेरा लगाउने पर्यावरण पनि पर्छ । पठनका निम्ति उपयुक्त पर्यावरणमै पठन संस्कृति मौलाउँछ । पठनप्रति जागरुक र त्यसको महत्त्व बुझेको समाजमै मानिस पठनप्रति आकर्षित हुन्छन् । पठन संस्कृतिमा पठन जीवनपर्यन्त चल्नुपर्छ । औपचारिक शिक्षा प्राप्त गर्दासम्म पढ्ने र गरिसकेपछि नपढ्नेहरूको संख्या निकै हुन्छ । पठन संस्कृतिमा अनौपचारिक पठनलाई बेसी महत्त्व दिइन्छ । औपचारिक शिक्षा सकिएपछि पनि पठनले निरन्तरता पाउनुपर्छ । पठनको क्षेत्र पनि फराकिलो हुनुपर्छ । औपचारिक शिक्षा प्राप्त गर्दा पढिने विषय क्षेत्रभन्दा बाहिरका साहित्य लगायत ज्ञानका अन्य क्षेत्रका पुस्तकहरूको पठनले पठन संस्कृतिलाई समृद्ध गर्न योगदान दिन्छन् ।

लेखिन थालेपछि पढिन थाल्यो, पहिले सुनिन्थ्यो मात्र । पठन संस्कृतिजस्तै पहिले श्रवण संस्कृति थियो । मानिस एक अर्कालाई कविता, कथा, अनुभव एवं विविध विषयका ज्ञान सुनाउँथे । यसैगरी ती एउटा पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुन्थे । अहिले पनि यो संस्कृति जीवित छ । मानिस एक-अर्कालाई सुन्छन्, सुनाउँछन् । पठन संस्कृतिको विकाससँगै विमर्श पनि पठन संस्कृतिकै बारेमा बढी हुन थाल्यो । श्रवण वा सुन्ने संस्कृति प्राथमिकतामा परेन । सुन्ने र पढ्ने कुरा एकापसमा गहिरोसँग जोडिएका छन् । आजको डिजिटल संसारमा पुस्तकका हेर्ने र सुन्ने सामग्रीहरू छन् । यी सबैबाट मानिस लाभान्वित भएका छन् ।

सबै मुलुकमा पठन संस्कृतिको लामो इतिहास पाइन्छ । नेपालमा पनि यसको लामो इतिहास छ । नेपालको इतिहास पठन संस्कृतिले समुचित महत्त्व पाएको इतिहास भने होइन । वर्तमानमा पनि पठन संस्कृति समृद्ध छैन । अतीतमा न शासकहरूले यसलाई महत्त्व दिए, न त समाज नै यसका निम्ति जागरुक बन्यो । शासन गर्नेहरू यसप्रति गम्भीर भइदिएको भए स्थिति अलि फरक हुन्थ्यो । पढ्ने कुरा सत्तारुढ वर्गमा सीमित बन्यो । त्यसको परिधि साँघुरो थियो । लिच्छविकाल, मल्लकाल, शाहकाल, राणाकाल कुनै पनि कालमा यसतिर विशेष दृष्टि गएन । औपचारिक-अनौपचारिक रूपमा पढ्ने कुरा माथिल्लो वर्गमा सीमित रह्यो । गुम्बा, चैत्य, विहार, गुरुकुल, मन्दिर आदिमा सीमित रूपमा पठनपाठन भयो । थोरै मानिस भारतका विभिन्न ठाउँमा गएर पढे । समयको दबाबमा परेर राणाशासकहरूले शिक्षाका क्षेत्रमा थोरै भए पनि काम गरे । बिस्तारै बिस्तारै मानिसमा जागरण पनि आउन थाल्यो । सार्वजनिक पुस्तकालय खोल्ने प्रयास भए । प्रयास गर्नेहरू शासकबाट दण्डित भए । १९८७ सालको पुस्तकालय पर्व यसको उदाहरण हो । राणाशासकहरू जनता जागे आफ्नो शासनका विरुद्ध उभिन्छन् भन्थे । चन्द्रशमशेरले त्रि-चन्द्र क्याम्पसको शिलान्यास गरेपछि पछुतो मानेका थिए । तर पनि उनीहरूलाई केही गर्न समयले बाध्य बनाएको थियो ।

२००७ सालपछि भने स्थिति बदलिन थाल्यो । शिक्षाको विस्तार भयो । सरकारी र सार्वजनिक स्तरबाटै पुस्तकालयहरू खुल्न थाले । केही पुस्तकालय २००७ सालअगावै स्थापना गरिए पनि धेरै पुस्तकालय लोकतन्त्रको स्थापनापछि खुले । परिवर्तनको प्रभाव आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत विभिन्न क्षेत्रमा पऱ्यो । यसले पठन संस्कृतिलाई बढायो । साक्षर र शिक्षितहरूको संख्या बढेसँगै पढ्नेहरूको संख्या पनि बढ्यो । स्वदेश र विदेशका लेखकका कृतिहरू अलि बढी बिक्न थाले । पाठ्यपुस्तकका साथै अरु पुस्तक पनि पढिन थाले । तर पनि पठन संस्कृतिको अपेक्षित विकास हुन सकेन । पञ्चायतको स्थापनापछि स्थिति प्रतिकूल भए पनि पढ्ने कुरालाई यसले रोक्न सकेन । पुस्तक किन्ने र पढ्ने कार्य चलिरह्यो । यस कालखण्डमा पनि पुस्तकालय खुले, पठन संस्कृतिका बारेमा छलफल भए । २०४६ सालको आन्दोलनबाट पञ्चायत समाप्त भयो, लोकतन्त्रको पुनः स्थापना भयो । आज मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र छ । २००७ सालयता सात दशकभन्दा लामो समय बित्दा पनि पठन संस्कृति अपेक्षा अनुसार मौलाउन सकेको छैन । शिक्षा क्षेत्रमा भएको विकासलाई आधार मान्ने हो भने पठन संस्कृति अहिलेको तुलनामा समृद्ध हुनुपर्थ्यो । अहिले पनि पाठ्यपुस्तकबाहेक अन्य पुस्तक कम बिक्छन् । साहित्यिक कृतिहरूको बिक्रीले ठुलो फड्को मारेको छैन । वाङ्मयका विभिन्न क्षेत्रका कृतिहरू पनि धेरै बिकेको पाइँदैन । ई-पुस्तक पढ्नेहरूको संख्या पनि धेरै छैन ।

हामीकहाँ पठनको महत्त्वबोधको विकास राम्रोसँग हुन सकेको छैन । त्यस अनुकूलको पर्यावरणको निर्माण भनेजसरी गर्न सकिएको छैन । पठन किन आवश्यक छ भन्ने कुरालाई गहिरो गरी बुझ्दा मात्र पठन संस्कृति फस्टाउँछ । यस दृष्टिले नेपाली समाज पछि छ । समाजमा गरिबी छ । गरिबी पठन संस्कृतिको विकासमा बाधक छ । मौलाउँदो उपभोक्तावादी चरित्र र मनोविज्ञान पठन संस्कृतिको विरोधी छ । सञ्चार-प्रविधिको दुरुपयोगबाट पठन संस्कृति दुष्प्रभावित छ । लोकप्रिय संस्कृतिका अनेक रूपले पठन संस्कृतिको विकासलाई प्रभावित गरेका छन् । किन्न सक्ने हैसियत भएका नेपाली पनि पुस्तक किनेर पढ्दैनन् । धेरै पठित र हुनेखाने नेपालीका घरमा एउटा सानोतिनो पुस्तकालय पाइँदैन । लाउन, खान, घुम्न, मनोरञ्जन गर्न लाखौँ खर्च गर्न सक्ने नेपालीसँग पुस्तकका निम्ति बजेट हुँदैन । उनीहरू पुस्तकको उपयोगिता नै देख्दैनन् । सामाजिक सञ्जालले यस प्रवृत्तिलाई अझ मलजल गरेको छ ।

आफू र अरुलाई जान्न, देश-दुनियाँ बुझ्न, आलोचनात्मक चेतनाको विकास एवं आत्मिक, बौद्धिक विकास गर्न; समाजको रूपान्तरणमा योगदान दिन र मानिसजस्तो भएर बाँच्न पठन आवश्यक छ । यस्तो पठन जीवनभरि चल्नुपर्छ । पठनले आनन्द मात्रै दिँदैन, शिक्षा पनि दिन्छ, बाटो पनि देखाउँछ र सत्यं, शिवं, सुन्दरंको गीत गाउन सिकाउँछ । पठन जीवन र जगतबोधको उत्तम साधन हो । के पढ्ने, किन पढ्ने, सामग्री छनोट कसरी गर्ने जस्ता प्रश्नमा भने पढ्ने मानिस सजग हुनुपर्छ । राम्रा-नराम्रा दुवै थरीका पठन सामग्री पाइन्छन् । नराम्रा सामग्री पढ्न पुगियो भने जीवन बर्बाद हुन सक्छ । कैयौँको जीवन बर्बाद भएको पनि छ । जीवन विरोधी, सुन्दर विरोधी, सत्य विरोधी पठन सामग्रीको कमी संसारमा छैन । त्यस्ता सामग्रीको प्रचार-प्रसार योजनाबद्ध रूपमै भएको छ । त्यसले मानिसलाई प्रभावित गरेको छ । मानिसको चेतनालाई नराम्रो दिशातिर डोऱ्याउने र रुचिलाई विकृत गर्ने प्रयास भएकै छन् । हाम्रा अगाडि नराम्रा कुराको प्रचारको मायाजाल छ । यो मायाजाल डरलाग्दो छ । मानिस कतिबेला यसको सिकार हुन्छ भन्नै गाह्रो छ । मानिसलाई ज्ञान पिपासुभन्दा खन्चुवा बनाउने संसारमा हामी छौँ । यस्तो स्थितिका माझमा सचेत भईकन पठन सामग्रीको चयन गर्नु पाठकहरूको दायित्व हो ।

पठन संस्कृतिको विकासमा व्यक्ति, परिवार, समाज, सार्वजनिक संस्था एवं राज्यको महत्त्वपूर्ण भूमिका हुन्छ । राज्यको भूमिका अझ महत्त्वपूर्ण हुन्छ । पठन संस्कृतिको विकासका निम्ति व्यक्ति, परिवार, समाज, सार्वजनिक संस्था गम्भीर हुन जति आवश्यक छ, त्योभन्दा बढी राज्य गम्भीर हुन जरुरी छ । सङ्घ, प्रदेश र स्थानीय सरकारले यसका निम्ति धेरै गर्न सक्छन् । राष्ट्रिय शिक्षा नीतिले पठन संस्कृतिको विकासलाई महत्त्व दिएको छ । अरु सम्बन्धित निकायका नीति पनि यस्ता देखिन्छन् । भएको नीतिलाई कार्यान्वयन गर्दा पनि धेरै हुन्छ । प्रत्येक वडामा पुस्तकालय, वाचनालय स्थापना गर्न सकिन्छ । पठनमा अभिरुचि जगाउने गरी कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । मठ-मन्दिरका निम्ति धेरैभन्दा धेरै खर्च गर्ने राज्यले पुस्तकालय स्थापनाका निम्ति खर्च गरे उपयुक्त हुन्थ्यो । सार्वजनिक संस्थाहरूले पनि पठन संस्कृतिको विकासमा गहन भूमिका सम्पादन गर्न सक्छन् र गर्नुपर्छ । व्यक्ति र परिवारको भूमिका त उल्लेखनीय हुन्छ नै ।

बालबालिकामा सानैबाट पठनप्रति अभिरुचि निर्माणलाई सबैभन्दा बढी महत्त्व दिनुपर्छ । यसमा परिवार र विद्यालयको भूमिका महत्त्वपूर्ण हुन्छ । बालबालिकामा पाठ्यपुस्तकका साथै अन्य पठन-सामग्रीप्रति पनि रुचिको विकास गर्नु र उनीहरूलाई बाटो देखाउनु परिवार एवं विद्यालयको दायित्व हो । पठनलाई जीवनको अनिवार्य अङ्ग बनाउने गरी संस्कार निर्माण गर्नका लागि यो उपयुक्त समय हो । परिवार नै यसप्रति उदासीन हुँदा परिणाम राम्रो नहुनु स्वाभाविक हो । पठनप्रति अभिरुचि जगाउने गरी कार्यक्रम सञ्चालन गर्ने कुरालाई राज्य एवं सार्वजनिक संस्थाले उच्च महत्त्व दिन जरुरी छ । पुस्तकालय र सामग्रीहरू भएर मात्रै हुँदैन, पढ्ने पाठक पनि हुनुपर्छ । पठनप्रति देखिएको उदासीनता डरलाग्दो छ । पढौँ-पढौँ लाग्ने सामग्रीको रचना कम हुनु पनि यस्तो स्थिति निर्माणको एउटा कारण हो । महत्त्वपूर्ण कारण आजको समग्र पर्यावरण र त्यसबाट निर्मित मनोविज्ञान हो । आजको पर्यावरण पठन संस्कृतिका दृष्टिले त्यति उपयुक्त देखिन्न । यसप्रति गम्भीर नभई र पठन संस्कृतिको निर्माणका लागि उपयुक्त पर्यावरण निर्माण नगरी पठन संस्कृतिलाई समृद्ध तुल्याउन सकिन्न । पठन संस्कृतिको विकास समाजको समग्र रूपान्तरणसँग जोडिएको छ । यसले समाजलाई नयाँ दिशा दिन सघाउँछ । जागरुक समाजले नै मुलुकलाई अघिल्तिर डोऱ्याउने सामर्थ्य राख्छ । यस्तो समाजले नै परिवर्तनको अगुवाइ गर्न सक्छ ।

पठन संस्कृतिको विकासमा प्रविधि सहयोगी रहँदै आएको छ । यसको प्रयोग हामी कसरी गर्छौं, कुरा यति मात्र हो । प्रविधिको सदुपयोग र दुरुपयोग दुवै भएको छ । आज पढ्नका निम्ति पुस्तकालय मोबाइल र कम्प्युटरमै उपलब्ध छ । इन्टरनेटको विकासका कारण यस्तो सम्भव भएको छ । कैयौँ सामग्री फेसबुक, ब्लग, युट्युब, ह्वाट्सएप आदिमै पाइन्छन्; कैयौँ सामग्री गुगलमा पाउन सकिन्छ । गुगल पढ्ने सामग्रीहरूको विशाल भण्डार हो । आज दर्जनौँ निःशुल्क ई-पुस्तकालय छन् । किनेर पढ्न सकिने हजारौँ ई-पुस्तक छन् । मोबाइल र कम्प्युटरमा ती सजिलै उपलब्ध हुन्छन् । अमेजन, कोबो, एप्पलबुक्स आदिबाट यस्ता पुस्तक किन्न सकिन्छ । इन्टरनेट सुविधा लिएका मोबाइल प्रयोगकर्ताहरूका निम्ति मोबाइल नै एक सिङ्गो पुस्तकालय हो । तर पठन संस्कृतिको विकासको निम्ति प्रविधिको समुचित सदुपयोग भएको पाइँदैन । बालबालिका र किशोर-किशोरीहरूबाट यसको दुरुपयोग बढी भएको छ । पढ्नका निम्ति भन्दा अन्य कुराका निम्ति तिनको प्रयोग गरिन्छ । कम्प्युटर, मोबाइल र टेलिभिजनका कारण बिग्रिएका बालबालिका र किशोर-किशोरी निकै छन् । ठुलै पनि यीबाट दुष्प्रभावित छन् । सस्तो मनोरञ्जन, भ्रमपूर्ण यथार्थ र मिथ्या कुरातिर उनीहरूको ध्यान बढी गएको पाइन्छ । सबैभन्दा बढी दुरुपयोग सामाजिक सञ्जालको भएको छ । ती अश्लीलता, अराजकता र भ्रमको प्रचार गर्ने महत्त्वपूर्ण माध्यम बनेका छन् । मानिस त्यसैलाई पत्याउन विवश छन् । पठन संस्कृतिका ठाउँमा यस विरोधी संस्कृतिको निर्माण भएको छ ।

हाबरमासले 'सार्वजनिक वृत्त'को चर्चा गरेको लामो समय भएको छैन । 'पब्लिक स्फेयर' आज 'डिजिटल स्फेयर'मा बदलिएको छ । विलियम गिब्सनको 'साइबर स्पेस'को धारणा यथार्थमा रूपान्तरित हुँदै छ । सञ्चार प्रविधिको उन्नत अवस्थाका बिचमा हामी छौँ । इन्टरनेटले हाम्रो जीवनलाई बदलेको छ । एक प्रकारले 'दिक् र काल'को लोप भएको छ । प्रविधि सम्प्रेषणको प्रभावकारी माध्यम बनेको छ । रेमण्ड विलियम्स सम्पूर्ण सांस्कृतिक प्रक्रियालाई एक सम्प्रेषण व्यवस्थाका रुपमा लिन्छन् र सञ्चार प्रविधिको त्यसमा महत्वपूर्ण भूमिका देख्छन् । पठन संस्कृति पनि यससँग जोडिन्छ । पठन संस्कृतिको विकासमा प्रविधिको प्रभावकारी प्रयोग युरोप र अमेरिकामा बढी भएको छ । विकासका दृष्टिले पछि परेका मुलुकमा पनि प्रविधिलाई पठनका निम्ति उपयोग गर्ने प्रवृत्तिको विकास भएको छ । अहिले पनि संसारमा छापिएका पुस्तक नै बढी पढिन्छन् । छापिएका पुस्तक पढ्नुमै बढी आनन्दानुभूति गरिन्छ । तर डिजिटल पुस्तक र अन्य डिजिटल पठन सामग्रीको प्रयोग पनि बढ्दै छ । संक्षेपमा भन्दा प्रविधि पठन संस्कृतिको विकासको महत्वपूर्ण माध्यम हो । यस माध्यमको समुचित प्रयोग व्यक्ति, समाज र राज्यको दायित्व हो । समृद्ध पठन संस्कृति सुन्दर समाज निर्माणको जग हो । *(स्रोतः रातोपाटी)*

# हेटौंडा १५ नम्बर वडा बालमैत्री घोषणा हुँदै

समाज संवाददाता

हेटौंडाः मंगलबार हेटौंडा १५ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुने भएको छ। आइतबार वडाले पत्रकार सम्मेलनमार्फत् बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी भन्ने मुल नाराका साथ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागेको जनाएको छ।

बालमैत्री घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा भएसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागेको हेटौंडा-१५ का वडा अध्यक्ष सुनिल मोक्तानले जानकारी दिनुभयो। ४५ वटा सूचक शत प्रतिशत, ३ वटा सूचक ९७ प्रतिशत, २ वटा सूचक ९० प्रतिशत र एउटा सूचक ८१ प्रतिशत नतिजा हासिल भएसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको उहाँले बताउनुभयो।

घरधुरी सर्वेक्षण २०७९ अनुसार वडामा २ हजार ३ सय ४५ घरधुरी रहेको छ। जसमा ५ हजार ४ सय १६ महिला, ५ हजार ५ सय ६१ पुरुष र लैंगिक अल्पसंख्यक २ जना गरेर १० हजार ९ सय ७९ जनसंख्या रहेका छन्। एक हजार ६ सय २४ बालक र एक हजार ५ सय ५७ बालिका गरी ३ हजार एक सय ८१ बालबालिका छन्। सामुदायिक, संस्थागत र बाल विकास केन्द्रसहित १० वटा विद्यालय सञ्चालनमा छन्।

वडामा २४ वटा बाल समूह र एउटा बाल सञ्जाल छ। जसमा ६ सय जना बालबालिका आबद्ध छन् भने विभिन्न संरचनागत समितिमा गरी ६ सय ४७ जना बालबालिका प्रत्यक्ष सहभागी रहेको उहाँको भनाइ छ। २०७९ मंसिर २६ गते सरोकारवालाको उपस्थितिमा प्रतिबद्धता जाहेर गर्दै वडाले बालमैत्री अभियान थालेको थियो।

# भिरबाट लडेर माइलीमाया गम्भीर

समाज संवाददाता

हेटौंडा : मकवानपुरको कैलाश गाउँपालिकाकी ३७ वर्षीया माइलीमाया घलान भिरबाट लडेर गम्भीर घाइते भएकी छिन्। आइतबार बिहान ९ बजेको समयमा कैलाश गाउँपालिका-९, दमारढुंगाकी माइलीमाया घरबाट उत्तरतर्फको भिरमा घाँस काट्ने क्रममा १५० मिटर तल खसेर गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। टाउको र शरीरको विभिन्न भागमा गम्भीर चोट लागेकी माइलीमायाको हेटौंडास्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ।

# आश्रमलाई रुद्रप्रसाद/विष्णुकुमारी स्मृति पुरस्कार

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८ ठूलोदमारस्थित वैदिक वानप्रस्थ आश्रम वैदिक संस्कृत गुरुकूललाई रुद्रप्रसाद/विष्णुकुमारी स्मृति पुरस्कार प्रदान गर्ने निर्णय गरिएको छ। शनिबार बसेको रुद्रप्रसाद/विष्णुकुमारी रिजाल स्मृति पुरस्कार कोषले आश्रमलाई नगद ५० हजार रुपैयाँ राशिको उक्त पुरस्कार दिने निर्णय गरेको हो।

हेटौंडा-४ स्थित रुद्रप्रसाद/विष्णुकुमारी रिजाल स्मृति पुरस्कार कोषका संयोजक आरसी रिजालले आउँदो चैत महिनाको अन्त्यतिर पुरस्कार समर्पण गरिने जानकारी दिनुभयो।

आश्रममा करिब २० जना विद्यार्थी आश्रित छन्। जसमा १५ जना दलित समुदायका विद्यार्थी हुनुहुन्छ। यसअघि आँचल साहित्य कलापुञ्ज मकवानपुर र नवसर्जक साहित्य चौतारीलाई उक्त पुरस्कार गरिएको छ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय,
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय मकवानपुर
हेटौंडा, नेपाल

जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा
एच.पी.भी.खोप सम्बन्धी जनहितमा जारी सन्देश

नेपालमा हरेक दिन जार जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुन्छ भन्ने तथ्यांक छ महिलाहरुमा विभिन्न क्यान्सर मध्ये पाठेघरको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो तर किशोरावस्थामै पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप लगाई यो रोगबाट बचाउन सकिन्छ त्येसैले नेपाल सरकारद्वारा यहि मिति २०८१ माघ २२ गते देखि फाल्गुन ०६ गते सम्म एच.पी.भी.खोप संचालन हुदैछ। मकवानपुर जिल्ला स्थिति १० वटै स्थानीय तह अन्तर्गत विद्यालय लक्षित खोप केन्द्र बाट २०८१ माघ २२ गते बाट माघ २८ गते सम्म एच.पी.भी.खोप संचालन हुदैछ। यस एच.पी.भी.खोप अभियानमा कक्षा ६ देखि कक्षा १० सम्म अध्यन गर्ने छात्राहरु र विद्यालय नजाने १० बर्ष देखि १४ बर्ष सम्मका किशोरीहरुलाई एच.पी.भी.खोप लागाइदै छ। त्यसैले आफ्नो नजिकैको विद्यालय वा तपाइको नानि अध्यन गर्ने बिद्यालयमा यो खोप कहिले संचालन हुदैछ जानकारी लिनुहोस् र आफ्नो नानीले यो खोप लिए/नलिएको सुनिश्चित हुनुहोस्। याद गर्नुहोस् माघ २२ गते बाट माघ २८ गते सम्म एच.पी.भी.खोप लागाईदै छ। अभियानको अन्तिम दिन तपाइको नजिकको स्वास्थ्य संस्थाबाट समेत यो खोप संचालन हुदैछ। यो खोप महिनाबारीको समयमा समेत लगाउन सकिन्छ अर्थात यस खोपले महिनावारीमा कुनै असर गर्दैन। एच.पी.भी.खोप अभियानको सम्बन्धमा कुनै जिज्ञासा भएमा नजिकैको बिद्यालय, स्वास्थ्य संस्था स्वास्थ्यकर्मी वा म.स्वास्थ्य सयम सेविकासँग जानकारी लिन सकिन्छ भने निशुल्क कल सेन्टर १११५ बाट समेत जानकारी पाउन सकिन्छ।

बिद्यालय नजाने १० बर्ष देखि १४ वर्ष सम्मका किशोरीहरु यो खोपबाट छुटन नदिन सहयोग गरिदिनुहन अनुरोध छ। खोप लगाए सँगै सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौ साथै यो एच.पी.भी.खोप आगामी आ.व.देखि नियमित रुपमा समेत संचालन हुनेछ।

जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर
फोनः ०५७-५२०७१ E-mail:dho.makaeanpur1@gmail.com website : homakawanpur.bagmati.gov

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।


# बालजागृतिका विद्यार्थीको आवाज

## मानिस हराएको दिन



**रिदिमा आचार्य**
**कक्षा-८**

मानिस हराएको दिन
रु. १००/-
लेखक : आमोद दाहाल
प्रकाशन मिति : पहिलो २०७८। दोस्रो २०८०
जन्म बालबालिकाको किताब
आइ.एस.बि.एन. नः ९७८-९९३७-६७२-६३-४




एकदिन आकाशभरी कालो बादल लाग्न थाले। आकाश निक्कै डरलाग्दो भएको थियो। त्यसदिन दिउँसै रात जस्तो भएको थियो। मानिसहरू आआफ्नो घरमा बसिसकेका थिए र पानीको थोपा ठुलो हावाहुरीका साथ झर्न थाले।

त्यस गाउँमा ध्रुवे बस्थ्यो र ऊ त्यो रात पिपलको रूख मुनि सुत्यो। बिहान ऊ उठ्दा घाम लागिसकेको थियो। ऊ पुरै भिजेर चिसो भएकाले बाहिर घाममा निक्ल्यो र चौरमा घाँस खायो र त्यस दिन सुनसान थयियो। बिहान भए तापनि कतै कुनै ठाउँमा पनि मानिस थिएनन्। ऊ छक्क पऱ्यो। उस्ले आफ्ना धेरै साथीहरुलाई मानिसको बारेमा सोध्यो तर कसैलाई पनि थाहा थिएन। जो जनावर वा कुकुरसँग ध्रुवलाई पहिले तर्साउँथ्यो। उनीहरू पनि दुखी र भोकाएका थिए।

यसरी नै मानिसहरूलाई खोज्दै हिँडेका ध्रुवको चङ्खेसँग भेट हुन्छ र यसरी नै उनीहरू अझ जनावरहरूलाई सहयोग गर्दै मानिसको खोजीमा हिँडे। उनीहरू सधैं आफ्नो पेट पाल्दै र नयाँ साथीहरु बनाउँदै मानिसको खोजीमा हिँडे।

दिन, महिना हुँदै गयो र महिना वर्ष तर मानिसहरु भने भेटिने सङ्केत नै थिएन। समयसँगै धेरै परिवर्तनहरू पनि भए। आठ वर्ष बित्यो तर मान्छे भने भेटिएनन् बाटाका घरहरूमा बाटोहरूमा पनि लेऊ लागेर झाडी पलाएको थियो। बाटामा चितुवाहरू आएकाले त्रसित हुनुपर्थ्यो। यस कथाले यो पनि भनेको छ कि मानिस हुँदा उनीहरूले गाईवस्तुहरूलाई चोट पनि पुऱ्याउने गर्थे जसकारण केहि गाईवस्तुहरूलाई उनीहरू हराउदाँ पनि पिर थिएन तर मानिसमा आश्रित भएकाहरूलाई एकदमै दुख थियो।

यस कथाले मानिस नहुँदा हाम्रो संसार कस्तो हुन्छ भनेर देखाएको छ र मानिसले जनावर माथि गरेका दुर्व्यवहारलाई पनि देखाएको छ। मलाई यो कथा एकदमै राम्रो लाग्यो। यस कथाले हामीलाई धेरै कुराको ज्ञान दिन्छ र नयाँ कुराहरू पनि सिकाउँछ। मैले यो कथा हरेक व्यक्तिलाई पढ्न उत्साहति गर्दछु।

यस कथाको मुख्य पात्र ध्रुवे र चङ्खे हुन्। यस कथामा उनीहरु मानिस हराएपछि मानिसको खोजीमा आफ्नो पेट पाल्दै अरू जनावरहरूको सहयोग गर्दै हिँड्छन्। र यसरी उनीहरूको मानिसको खोजकि लागि यात्रा सुस हुन्छ।

आमोद दाहाल

आमोद दाहाल एक प्रसद्धि लेखक हुन्। उनले विशेषगरी कथाहरु लेख्नुहुन्छ। उहाँले अहिलेसम्म थुप्रै कथाहरू प्रकाशन गर्नुभएको छ। जस्तैः मानसि हराएको त्यो दिन, म त्यो स्कुल जान्नँ, आदि।



# हेटौंडा क्याम्पसको प्रमुखमा घिमिरे

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको प्रमुखमा बालकृष्ण शर्मा घिमिरे नियुक्त हुनुभएको छ । आइतबार बसेको क्याम्पस सञ्चालक समितिको बैठकले क्याम्पस प्रमुखको जिम्मेवारी घिमिरेलाई दिने निर्णय गरेको हो ।

हेटौंडा क्याम्पस प्रमुखको जिम्मेवारी पाउनुभएका घिमिरेले सोमबारबाट जिम्मेवारी लिनुहुनेछ । हेटौंडा क्याम्पसका प्रमुख देवीराम लामाले राजीनामा दिनुभएसँगै घिमिरेलाई जिम्मेवारी प्रदान गर्ने निर्णय क्याम्पस सञ्चालक समिति बैठकले गरेको हो ।

करिब १ महिना पहिला नै क्याम्पस प्रमुख लामाले राजीनामा दिनुभए पनि आइतबारमात्र उहाँको राजीनामा स्वीकृत भएको नवनियुक्त क्याम्पस प्रमुख घिमिरेले जानकारी दिनुभएको छ । लामाले आफ्नो घरायसी कारणले गर्दा राजीनामा दिनुभएको बताउनुभयो ।

क्याम्पस प्रमुख नियुक्त हुनुभएका घिमिरेले विसं २०५१ सालमा एसएलसी परीक्षा उत्तीर्ण गरेर ज्योति माध्यमिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण गर्नुभएको थियो । २०७४ सालमा मकवानपुरगढी गाउँपालिकाको चण्डिका माध्यमिक विद्यालयमा निमावि तहमा अंग्रेजी विषय शिक्षकको रुपमा नियुक्त हुनुभएको घिमिरेले सोही वर्षबाट हेटौंडा क्याम्पसमा अंग्रेजी विषयकै शिक्षक बन्नुभयो । २०७९ सालसम्म सहायक प्राध्यापक र उपप्राध्यापकको रुपमा काम गरेको उहाँले बताउनुभयो ।

आफूले क्याम्पस प्रमुखको जिम्मेवारी लिएपछि क्याम्पसको शैक्षिक, आर्थिक सबलीकरणमा प्राथमिकता दिने उहाँले बताउनुभयो । क्याम्पसको सबै पक्षको विकास गर्नका लागि शिक्षकको क्षमताअनुसार सबैसँग समन्वय गरेर अगाडि बढ्ने उहाँले बताउनुभयो । क्याम्पसका शिक्षकहरुको कार्यक्षमता वृद्धि, अनुसन्धात्मक कार्यमा शिक्षक फ्याकल्टी प्रेरित प्रोत्साहनमूलक कार्यक्रम, क्याम्पसको शैक्षिक वातावरणलाई प्रविधिमैत्री बनाउने कार्यमा जोड दिने उहाँको भनाइ छ । विद्यार्थीलाई निरन्तर रुपमा प्राथमिकता दिने, अवसर प्रदान गर्ने र बजारमा टिक्ने र बिक्नेगरी ज्ञान प्रदान गर्ने उहाँले बताउनुभयो । उहाँले नवीनतम विषयलाई क्याम्पसमा ल्याउनका लागि सम्बन्धित निकायहरुमा पहल गर्ने बताउनुभयो ।

विद्यार्थीको पढाइलाई बचाइसँग र महत्वपूर्ण शिक्षासँग जोडेर भविष्यमा बाँच्ने आधार बनाउने योजना बनाएको उहाँले बताउनुभयो । क्याम्पसमा विद्यार्थीको आकर्षण बढाउनका लागि सम्मानित तरिकाको शिक्षा प्रदान गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । प्रविधिसँग विद्यार्थीको पहुँच बढाउनका लागि अतिरिक्त क्रियाकलापलगायत क्षमता विकासका लागि प्रेरित गर्ने अवसर प्रदान गर्ने योजना बनाएको उहाँको भनाइ छ । जेहन्दार र न्यून वर्गका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिको दायरा फराकिलो बनाउने उहाँले बताउनुभयो । स्थानीय निकाय, उद्योगपति, व्यापारी तथा शिक्षाप्रेमीहरुको सहयोगमा अक्षयकोष निर्माणका लागि पहल गर्ने उहाँले बताउनुभयो ।

# प्रेस चौतारीमा दहाल

समाज संवाददाता

हेटौंडा : नेकपा एमाले निकट प्रेस संगठन प्रेस चौतारी मकवानपुरको अध्यक्षमा सरिता दहाल चयन हुनुभएको छ । आइतबार सम्पन्न भएको प्रेस चौतारी मकवानपुरको नवौं अधिवेशनले दहाललाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । दहालको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

प्रेस चौतारी मकवानपुरको उपाध्यक्ष खुलामा शिव चौलागाईं र महिलामा प्रतिक्षा न्यौपाने चयन हुनुभएको छ । सचिवमा नवीन प्रसाद तिमल्सिना (रेवती), उपसचिवमा सुमन दहाल र समावेशी उपसचिवमा मनिल महतो चयन हुनुभएको छ । कोषाध्यक्षमा अशोक बजगाई चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा विनोद कुमार सापकोटा, स्मिता अर्जेल, सरोज पौडेल, निशा गुरुङ र सुरेश गुरुङ चयन हुनुभएको छ ।

नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको रहने छ । ३ जना सदस्य मनोनित गर्नेछ । प्रेस चौतारी मकवानपुरका निवर्तमान अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षता तथा नेकपा एमालेका नेता योगेश भट्टराईको प्रमुख आतिथ्यमा शनिबार अधिवेशनको उद्घाटन भएको थियो ।

# पत्रकारसँग दलित महिला संघको अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः दलित महिला संघ (फेडो) मकवानपुरले पत्रकारसँग अन्तरक्रिया गरेको छ । नेपालमा दलित महिला तथा किशोरीको मानव अधिकार प्रवर्द्धन सञ्चार माध्यममा दलित, महिला समुदायका सवालमाथिको प्राथमिकता विषयमा अन्तरक्रिया गरेको हो ।

आइतबार नेपाल पत्रकार महासंघ मकवानपुरको सभाहलमा अन्तरक्रिया गरिएको थियो । नेपालमा दलित महिला तथा किशोरीहरुको मानव अधिकारको ३ वर्षे परियोजनाअन्तर्गत अन्तरक्रिया कार्यक्रम भएको हो ।

दलित महिला संघका उपाध्यक्ष सुनिता दर्नाल परियारको सभाध्यक्ष तथा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । पत्रकार महासंघ मकवानपुर अध्यक्ष अधिकारीले सञ्चारकर्मीहरु दलित महिलाको अधिकारका विषयमा संवेदनशील भएर लागेको र आगामी दिनमा सक्दो प्रभावकारी ढंगले लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । दलित महिला संघ मकवानपुरका कोषाध्यक्ष मालती विश्वकर्माले कतिपय वडामा दलितको शीर्षकमा बजेटसमेत विनियोजन नभएको बताउनुभयो । मानव-मानवबीच नै समान व्यवहार नभए समृद्ध नेपाल सुखी नेपालीको अवधारणा पूरा हुन नसक्ने उहाँले बताउनुभयो । दलित महिला संघ मकवानपुर २५ जना अगुवा अभियन्ताले गठन गरेको संस्था हो । संघले मकवानपुर जिल्लाभर काम गरेता पनि हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकालाई विशेष कार्यक्षेत्र बनाएको बताइएको छ ।

# हेटौंडामा सामूहिक बेलविवाह

समाज संवाददाता

हेटौंडा : हेटौंडामा सामूहिक बेलविवाह सुरु भएको छ । हेटौंडा-१०, बसपार्कस्थित सामूहिक बेलविवाहका लागि गुठीले व्यवस्थापन गरेको सार्वजनिक स्टलमा आइतबार र सोमबार दुई दिन हुने बेलबिवाहमा ७२ कन्या सहभागी छन् ।

ईहि यज्ञ (सुवर्ण कुमार बेल विवाह) गुठी हेटौंडाको आयोजनामा २०२९ सालदेखि सामूहिक बेलविवाहको कार्य हुँदै आएको छ । मौलिक परम्परा र संस्कार अनुसार ईहि यज्ञका लागि गुरु, गुरुआमा व्यवस्थापन गर्न सहयोग पुग्ने उद्देश्यले गुठीले सामूहिक बेलविवाहको प्रचलन सुरु गरेको हो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

Welcome To The celebration of our


Enjoy Our Anniversary Offer Of
31% OFF
On Each Of Our Dish
HOTEL BASUKALA FASTFOOD

हार्दिक बधाई एवम् आभार



मिति २०८१ साल माघ १९ गते शनिबार सम्पन्न **तेस्रो संस्करण**को **कमाने प्रिमियर लिग**को विजेता कमाने टाइगर्स टिमका मालिकद्वय कृष्ण अर्जेल र विनोद अर्याल, प्रायोजक, समर्थक, शुभेच्छुक सम्पूर्णमा बधाई ज्ञापन गर्दै प्रतियोगितामा सहभागी सम्पूर्ण टिम, निर्णायक, ८ नम्बर वडा कार्यालय, प्रायोजक, सहयोगी, शुभेच्छुक सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं ।

किशोर खत्री, अध्यक्ष
एवम् कमाने क्रिकेट क्लब परिवार
हेटौंडा-८, मकवानपुर

"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"
हेटौंडा उपमहानगरपालिका
१५ नं. वडा कार्यालय
निकृष्ट बालश्रम मुक्त, बालविवाह मुक्त, बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह
गर्न लागिएको हुँदा सम्पूर्ण बालबालिकाहरूको बाल अधिकार सुनिश्चितता गर्दै बालमैत्री स्थानीय शासनयूक्त वडाको दिगोपनामा अग्रसर हुन सम्पूर्ण वडाबासीहरूमा हार्दिक अनुरोध गर्दै कार्यक्रममा उपस्थितिको लागि सादर निमन्त्रणा गर्दछौं ।

तपसिल
संचालन मितिः २०८१/१०/२२ गते मंगलबार
घोषणा स्थानः श्री आधारभुत विद्यालय भोर्ले
र्‍याली हुने समयः बिहान १० बजे
र्‍याली सुरु स्थानः श्री जनजागृती मावि प्राङ्गण, श्री लिटिल फ्लावर स्कुल फायरलाईन, चुरियामाई मावि प्राङ्गण



आयोजकः
हेटौडा उपमहानगरपालिका
१५ नं. वडा कार्यालय
चुरियामाई, रातोमाटे, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ